# सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना** : सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

**१.** **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सवारी तथा यातायात व्यवस्था (दोस्रो संशोधन) ऐन, २०७३" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४७ मा संशोधन** : सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४७ को खण्ड (ङ) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर त्यस्ता व्यक्तिको चालक क्षमता सम्बन्धमा परीक्षण गराई तोकिए बमोजिमको मापदण्ड पूरा भएका सडकमा मात्र सवारी चलाउन पाउने गरी निजलाई सवारी चालक अनुमतिपत्र दिन सकिनेछ ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय